**Ref:**

मितिः २०७५/११/२२

**श्री नेपाल धितोपत्र बोर्ड**
**जावलाखेल, ललितपुर ।**

**बिषय : जानकारी सम्बन्धमा ।**

महोदय,

श्री सिद्धार्थ क्यापिटल लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा यस माउन्टेन हाइड्रो नेपाल लिमिटेडको प्रति शेयर रु.१००/- अंकित दरले १८,१६,११० कित्ता साधारण शेयर मध्ये संगठित संस्थाको कर्मचारीहरुलाई ३६,३२२ कित्ता शेयर सुरक्षित गरिएको र ९०,८०६ कित्ता शेयर सामूहिक लगानीकोषहरु छुट्याइएकोमा ४०,००० कित्ता मात्र आवेदन परेकोले ४०,००० कित्ता सामूहिक लगानीकोषहरु लाई बाँडफाँड गरिएको र बाँकी १७,३९,७८८ कित्ता साधारण शेयर सर्वसाधारणका लागि स्विकृतीका सम्बन्धमा तहाँको मिति २०७५।११।०१ को पत्र साथ संलग्न विवरणपत्रको स्वीकृती पत्रको बुँदा नं ५ मा उल्लेख भए बमोजिम तहाँ पेश गरिएको यस माउन्टेन हाइड्रो नेपाल लिमिटेडको "विवरणपत्र" लगायत अन्य कागजातहरुमा उल्लेख भएका विवरणहरुमा सम्वन्धित नियमन निकायको नियमन ब्यबस्था, निर्देशन वा अन्य कुनै कारणबाट लगानीकर्ताहरुको निर्णयमा प्रभावित हुन सक्ने गरी उल्लेख्य रुपमा कुनै परिवर्तन नभएको ब्यहोरा अनुरोध छ ।

उक्त पत्रको बुँदा नं. ९ मा भएको निर्देशन बमोजिम स्विकृत विवरणपत्र यस माउन्टेन हाइड्रो नेपाल लिमिटेडको वेभसाइट तथा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकको वेभसाइटमा राखिएको व्यहोरा समेत अनुरोध छ ।

उक्त पत्रको बुँदा नं. ८ मा भएको निर्देशन बमोजिम उक्त निर्देशनमा तोकिएका शर्तहरु, धितोपत्र सम्बन्धी ऐन २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन निर्देशिका, २०७४ मा उल्लेखित व्यवस्थाहरु पालना गरिएको र गर्दै जाने प्रतिवद्धता समेत जानकारीको लागि अनुरोध छ ।

साथै विवरणपत्रको दफा ९.क.ख को वासलातमा उल्लेखित केही रकमहरुमा केही त्रुटी देखिएकोले सो समेत सुधार गरी सोही बमोजिम कम्पनी तथा निष्काशन तथा विक्री प्रबन्धकको वेवसाइट मा समेत राखिएको व्यहोरा अनुरोध छ ।

सहयोगको लागि धन्यबाद ।

सिताराम तिमिल्सिना
कार्यकारी अध्यक्ष